नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि - ३३ (पूर्णाङ्क २३७)

## स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्र सानीठिमी भक्तपुरको अनुरोध

चालु आर्थिक वर्ष २०७६/०७७ मा यस शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट तपसिल बमोजिमका कार्यक्रमहरू विद्यालयमा सञ्चालन गरिने हुँदा उक्त कायक्रम कार्यान्वियनका सन्दर्भमा सम्बन्धित स्थानीय तह / शिक्षा विकास तथा समन्वय एकाइहरूबाट आवश्यक समन्वय एवं सहयोगका लागि अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.स. | कार्यक्रम | जिल्ला | अनुमानित समय |
|---|---|---|---|
| १ | सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण ( Performance Audit ) | सोलुखुम्वु, मोरङ, सर्लाही, मकवानपुर, कास्की, दाङ, सुर्खेत, कालिकोट र कैलाली जिल्लास्थित २०७५ सालको SEE परीक्षामा सम्मिलित सबै सामुदायिक माध्यमिक विद्यालय (जम्मा ९०५ वटा) | २०७६ माघ र फागुन महिना |
| २ | कक्षा ८ का विद्यार्थीहरूको राष्ट्रिय उपलब्धी परीक्षण ( National Assessment of Student Achievement, NASA (Grade 8) | सवै ७७ वटै जिल्लाका नमुना छनोटमा परेका विद्यालयहरू कुल १८०० वटा | २०७६ फागुन दोस्रो / तेस्रो हप्ता |
| ३ | कक्षा ३ का विद्यार्थीहरूको उपलब्धी परीक्षण ( National Assessment of Reading and Numeracy NARN, Grade -3) | ३३ जिल्ला भोजपुर, झापा, सुनसरी, सोलुखुम्वु, उदयपुर, वारा, महोत्तरी, रौतहट, सर्लाही, चितवन, धादिङ, काठमाडौं, नुवाकोट, सिन्धुपाल्चोक, गोरखा, कास्की, नवलपरासी पूर्व, पर्वत, तनहु, बाँके, पाल्पा, दाङ, कपिलवस्तु, रूपन्देही, दैलेख, जाजरकोट, जुम्ला, रूकुम पश्चिम, सुर्खेत, अछाम, बझाङ, डडेलधुरा, कैलाली, जिल्लाका नमुना छनोटमा परेका विद्यालयहरू जम्मा ५८० वटा । | २०७६ फागुन दोस्रो / तेस्रो हप्ता |

## संस्थागत साझेदारीमा ब्रेल पाठ्यपुस्तक छपाई एवं वितरणका लागि अनुदान दिने सम्बन्धमा प्राविधिक एवं आर्थिक प्रस्ताव पेस गर्ने सम्वन्धी सूचना

प्रस्तुत विषयमा साझेदार मूल्याङ्कन समितिको मिति २०७६/०९/१५ गते बसेको बैठकले विद्यालय तह (कक्षा १ देखि १० ) का ब्रेल पाठ्यपुस्तक छपाई एवं वितरण गर्नका लागि सूचिकृत भएका संस्थाहरूबाट प्राविधिक एवं आर्थिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी माग गर्ने निर्णय भएकाले देहायका विषय समावेश गरी १५ दिनभित्र प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरमा पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । म्यादभित्र प्राप्त नभएका प्रस्ताव उपर कुनै कार्यवाही नहुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै प्राविधिक प्रस्ताव मूल्याङ्कनमा न्यूनतम ६० प्रतिशत अंक प्राप्त गर्ने संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिने जानकारी गराइन्छ ।

**स्पेशिफिकेशन** :

**कागजको गुणस्तर** : १४० ( GSM ) पर्चमेन्ट पेपर,

**गाता ( Cover )** : ३१८ GSM Fileboard Cover with Plastic lamination

**बाईन्डिङ** : सिलाइ सहितको थ्रेड बाईन्डिङ वीथ ग्लु ।

**प्राविधिक प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजात**

१. कर दर्ता प्रमाण-पत्र (कर चुक्ता गरेको प्रमाण-पत्रसमेत) वा कर नलाग्ने भएमा सो को प्रमाण-पत्र,
२. ब्रेल पाठ्यपुस्तक छपाई अनुभव,
३. ब्रेल पाठ्यपुस्तक छपाईका लागि जनशक्ति विवरण (नियमित वा करार समेत उल्लेख गर्ने),
४. ब्रेल पाठ्यपुस्तक छपाई एवं उत्पादन ब्रेलो (ब्रेल छापाखाना) को व्यवस्था एवं उत्पादन क्षमता,
५. ब्रेल उत्पादन एवं वितरण गर्न लाग्ने अनुमानित समय,
६. ब्रेल पाठ्यपुस्तक वितरण गर्ने आधार सहितको कार्ययोजना,
७. दृष्टिविहिन विद्यार्थीहरूको हातमा पुगेको सुनिश्चितताका लागि अनुगमन संयन्त्र एवं सो को रिपोर्टिङ्को व्यवस्था ।

**आर्थिक प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजात**

१. प्रति कक्षाको सेट लागत दररेट छपाई तथा वितरण समेत – (कक्षा १ देखि १० सम्म, कक्षा ९ र १० का हकमा ऐच्छिक प्रथम र द्वितीय बाहेकका विषयहरू ),
२. कक्षा ९ र १० का ऐच्छिक प्रथम र द्वितीय विषयको प्रति विषय लागत दररेट छपाइ तथा वितरण समेत,
३. ब्रेल पाठ्यपुस्तक छपाई एवं वितरणका लागि संस्थाले साझेदारीमा प्रति सेटका लागि व्यहोर्ने लागत (प्रतिशतमा) ।

## सूचिदर्ता सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०७६।०९।१६**

यस केन्द्रको आ.व. २०७६/७७ विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तर्फ "**प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदानमा हस्तान्तरित** (Fund flow tracking" गर्ने कार्यको विशेषज्ञ सेवा लिनुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट फर्म दर्ताको अद्यावधिक नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्र सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (१) सँग सम्बन्धित अनुसूची २ (क) बमोजिमको ढाँचामा यस केन्द्रमा उल्लेखित कार्यको लागि सूचीकृत हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विवरण पठाउने सम्बन्धमा सबै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइहरूलाई अनुरोध

आर्थिक वर्ष २०७५/०७६ मा ससर्त अनुदानअन्तर्गत वित्तीय हस्तान्तरण मार्फत उपलब्ध गराइएको रकमबाट शिक्षकले शिक्षण सिकाइमा बिताउने समय (**Time Spent on Teaching**) एवं कार्यसम्पादन अनुदान (**Performance Grant**) प्राप्त गर्ने विद्यालयहरूको विवरण (तपसिलबमोजिमको ढाँचामा) सबै स्थानीय तहहरूले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनुहुन र शिक्षा विकास तथा समन्वय इकाइहरूले एकीकृत विवरण तयार गरी यस केन्द्रको योजना तथा अनुगमन शाखा (**education.interaction@gmail.com**) मा अविलम्व पठाउनुहुन पुनः अनुरोध छ ।

१. **आर्थिक वर्ष २०७४ / ७५ र २०७५ / ७६ मा शिक्षकले शिक्षण सिकाइमा बिताउने समय (Time Spent on Teaching) का लागि अनुदान उपलब्ध गराइएका विद्यालयहरूको विवरण र विद्यालयले प्रयोग गरेका फारामको नमूना ।**

| सि.नं. | विद्यालयको IEMIS कोड | विद्यालयको नाम | अनुगमन फाराम व्यवस्थित भए नभएको | अनुदान प्राप्त गरेको आ.व. |
|---|---|---|---|---|
| | | | | |

२. **आर्थिक वर्ष २०७४ / ७५ र २०७५ / ७६ मा कार्यसम्पादन अनुदान (Performance Grant) प्राप्त गर्ने विद्यालयहरूको विवरण**

| सि.नं. | विद्यालयको IEMIS कोड | विद्यालयको नाम | अनुदान प्राप्त गरेको रकम | अनुदान प्राप्त गरेको आ.व. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

## NEGRP Minimum Package कार्यान्वयन सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ ताप्लेजुङ, धनुषा, रसुवा र तनहुँ, ४ जिल्ला भित्रका सवै गाउँपालिका/नगरपालिका र सामुदायिक विद्यालयहरूलाई अनुरोध

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसार आ.व. २०७५।०७६ देखि ताप्लेजुङ, धनुषा, रसुवा र तनहुँ जिल्लामा समेत राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (National Early Grade Reading Program-NEGRP) लागू भइसकेको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा कार्यक्रमले निर्धारण गरेको Minimum Package कार्यान्वयनका लागि कक्षा १-३ को नेपाली विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी अभ्यास पुस्तिका र अन्य शैक्षणिक सामग्रीहरू जनक शिक्षा सामग्री केन्द्रबाट छपाइ भइ केन्द्र अन्तर्गतका सम्बन्धित डिपोहरूमा पुगिसकेको जानकारी प्राप्त भएकोले उक्तानुसारका सामग्रीहरू गत आ.व. २०७५।०७६ मा सम्बन्धित पालिका मार्फत NEGRP Minimum Package कार्यान्वयनका लागि विद्यालयमा प्राप्त भएको रकम रू ९०००।- बाट खरिद गर्न र सो रकमबाट नपुग हुने अवस्था भएमा Book Corner व्यवस्थाका लागि प्रतिव्यक्ति लागतका आधारमा यस केन्द्र मार्फत उपलब्ध गराइएको शैक्षिक सामग्री बापतको रकमबाट सामग्री खरिद गर्न गराउन सक्ने भनी शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट मिति २०७६।०९।०४ मा निर्णय भएकाले सोही बमोजिम आवश्यक व्यवस्था मिलाउनुहुन उल्लिखित ४ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ, ४ जिल्लाभित्रका सवै गाउँ/नगरपालिका र अन्तर्गतका सवै सामुदायिक विद्यालयहरूमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

## विद्यालयको भौतिक अवस्था पहिचान फाराम -२०७६

सामुदायिक विद्यालयहरूको भौतिक अवस्थाको पहिचान गरी कार्यक्रम तय गर्नका लागि देहाय अनुसारको विवरण आवश्यक भएकोले सबै सामुदायिक विद्यालयहरूले तपसिलमा उल्लिखित ढाँचामा विवरण तयार गरी सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखारशाखामा २०७६ पुस २१ भित्र बुझाउनु हुन, स्थानीय तहको शिक्षा महाशाखारशाखाले पुस २५ गतेभित्र शिक्षा विकास तथा समन्वय इकाइमा पठाइदिनु हुन र इकाइले जिल्लागतर समष्टिगत विवरण तयार गरी २०७६ पौष मसान्तभित्र यस केन्द्र आइपुग्नेगरी पठाउनु हुन प'नः अनुरोध छ ।

| क्र.सं. | विद्यालयको IEMIS कोड | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी संख्या | कुन कुन माध्यममा पढाइ हुन्छ ? | भवन संख्या | जम्मा कक्षाकोठा | सेक्सन सहित आवश्यक कक्षाकोठा | नपुग कोठा संख्या | कक्षा ११-१२ सञ्चालन भएको भए विषय | प्राविधिक धार सञ्चालन भएको भए विषय | प्राविधिक धार तर्फको ल्याव छ/छैन ? | कम्प्युटर ल्याव छ/छैन ? भए कम्प्युटर संख्या | | विज्ञान प्रयोगशाला छ छैन ? भए कुन विषयसँग सम्बन्धित? | पुस्तकालय छ/छैन ? भए पुस्तकको संख्या कति छ ? | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | ल्याव | कम्प्युटर संख्या | | | |
| | | | | | | | | | | | | | | | | | |

## श्रव्य दृश्य शाखाको रोस्टर दर्ता सम्बन्धी सूचना

गत वर्ष झैं यस वर्ष पनि कक्षा ९ र १० का अनिवार्य विषयहरूको केही श्रव्यदृश्य कक्षा(Virtual class)का पाठहरू उत्पादनका लागि कक्षा शिक्षण गर्नुपर्ने भएकाले सम्बन्धित विषय अध्यापनरत पाँच वर्ष स्थायी शिक्षण अनुभव र IT मा सामान्य दक्षता भएको माध्यमिक तहका सबै जिल्लाका इच्छुक शिक्षकहरूलाई आफ्नो वैयक्तिक विवरण, माथिल्लो तहको शैक्षिक योग्यताको प्रमाण-पत्र र स्थायी नियुक्ति पत्र संलग्न राखी रोस्टर दर्ताका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र श्रव्यदृश्य शाखाको email– radiodeol@gmail.com मा पठाउनु हुन अनुरोध छ । यस सम्बन्धी थप जानकारीका लागि यस शाखाको फोन नं. ०१६६३८१५०/०१६६३०४५७ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ ।

## सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६

**प्रस्तावना : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलब्ध गराई उनीहरूको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न, गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न र महिनावारी व्यवस्थापन सामग्रीको दिगो विसर्जन तथा पुनःप्रयोग गर्न सकिने सामग्रीको प्रयोग गर्नेतर्फ उत्प्रेरित गर्न वाञ्छनीय भएकोले,**

**विनियोजन ऐन, २०७६ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको कार्यविधि बनाई लागू गरेको छ ।**

### परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६**" रहेको छ ।
(२) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ र आर्थिक वर्ष २०७६/७७ सम्म लागू रहनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–
(क "**कार्यपालिका**" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सम्झनु पर्छ ।
(ख) "**छात्रा**" भन्नाले सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका महिनावारी हुने उमेर समूहका छात्रा सम्झनु पर्छ ।
(ग) "**मन्त्रालय**" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।
(घ) "**महिनावारी व्यवस्थापन सामग्री**" भन्नाले महिनावारीका समयमा प्रयोग गर्ने सेनिटरी प्याड, टेम्पोन र महिनावारी कप समेत सम्झनु पर्छ ।
(ङ) "**महिला तथा बालबालिका शाखा**" भन्नाले स्थानीय तहमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने गरी तोकिएको शाखा वा त्यस्तो काम गर्न जिम्मेवारी पाएको कर्मचारी कार्यरत रहेको अन्य शाखा सम्झनु पर्छ ।
(च) "**विद्यालय**" भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्छ ।
(छ) "**शिक्षा शाखा**" भन्नाले स्थानीय तहमा शिक्षा सम्बन्धी काम गर्ने शाखा वा त्यस्तो काम गर्न जिम्मेवारी पाएको कर्मचारी कार्यरत रहेको अन्य शाखा सम्झनु पर्छ ।
(ज) "**सम्पर्क व्यक्ति**" भन्नाले छात्राहरूलाई महिनावारी व्यवस्थापन सामग्री वितरण तथा भण्डारणको जिम्मेवारी दिइएका विद्यालयका शिक्षक तथा कर्मचारी सम्झनु पर्छ ।
(झ) "**स्थानीय तह**" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।
(ञ) "**स्वास्थ्य शाखा**" भन्नाले स्थानीय तहमा स्वास्थ्य सम्बन्धी काम गर्ने शाखा वा त्यस्तो काम गर्न जिम्मेवारी पाएको कर्मचारी कार्यरत रहेको अन्य शाखा सम्झनु पर्छ ।

### परिच्छेद-२

**बजेट तथा खरिद व्यवस्थापन**

३. **छात्राहरूको संख्या यकिन गर्ने** : (१) मन्त्रालयले प्रत्येक स्थानीय तहका सबै सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको तथ्याङ्क संकलन र अद्यावधिक गर्न लगाउनु पर्नेछ ।
(२) मन्त्रालयले उपदफा (१) बमोजिमको तथ्याङ्कका आधारमा हरेक स्थानीय तहलाई सेनिटरी प्याड खरिद गर्न आवश्यक पर्ने बजेट यकिन गरी अर्थ मन्त्रालयसँग माग गर्नुपर्नेछ ।
(३) मन्त्रालयको मागका आधारमा अर्थ मन्त्रालयले स्थानीय तहलाई आवश्यक पर्ने बजेट उपलब्ध गराउनु पर्नेछ ।
(४) उपदफा (३) बमोजिम प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाइ अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्नेछ ।
(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले तोकिएको गुणस्तरमा कमी नहुने गरी स्थानीयस्तरमा निर्मित पुनः प्रयोग गर्न सकिने सेनिटरी प्याडको व्यवस्था गर्न बाधा पर्ने छैन ।

### परिच्छेद-३

**सेनिटरी प्याड भण्डारण तथा वितरण**

४. **सुरक्षित भण्डारण गर्नु पर्ने** : (१) स्थानीय तहले दफा ३ बमोजिम खरिद गरेका सेनिटरी प्याडको सुरक्षित किसिमले भण्डारणको व्यवस्था गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम भण्डारण गर्दा सेनिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

५. **विद्यालयलाई सेनिटरी प्याड वितरण** : (१) विद्यालयले आफ्ना छात्राहरूको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम माग भएको संख्यालाई शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनु पर्नेछ ।
(३) स्थानीय तहले उपदफा (२) बमोजिम प्रत्येक विद्यालयलाई उपलब्ध गराएको सेनिटरी प्याडको अभिलेख अलग अलग रूपमा राख्नु पर्नेछ ।
(४) स्थानीय तहले विद्यालयहरूसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरूमा भण्डारण क्षमता जस्ता पक्षहरूमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिनेछ ।

६. **छात्राहरूलाई सेनिटरी प्याड वितरण** : (१) विद्यालयले दफा ५ बमोजिम उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रूपले राख्नु पर्नेछ ।
(२) विद्यालयले छात्राहरूको नामनामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।
(३) सेनिटरी प्याड वितरणका लागि विद्यालयमा नर्स उपलब्ध भएसम्म नर्सलाई सम्पर्क व्यक्ति तोक्नु पर्नेछ । विद्यालयमा नर्स उपलब्ध नभ(एको अवस्थामा महिला शिक्षक वा प्रारम्भिक बाल विकासका महिला सहजकर्ता वा महिला कार्यालय सहयोगी वा स्वास्थ्य, जनसंख्या र वातावरण विषय अध्यापन गर्ने शिक्षकलाई सम्पर्क व्यक्ति तोकी सेनिटरी प्याड भण्डारण र वितरण गर्ने कार्यको जिम्मेवारी दिनु पर्नेछ ।
(४) विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरूलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्नेछ ।
(५) उपदफा (४) बमोजिम वितरण गरेको सेनिटरी प्याडको अभिलेख तथा बुझिलिएको भर्पाई सुरक्षित गरी राख्ने दायित्व सम्पर्क व्यक्तिको हुनेछ ।
(६) सम्पर्क व्यक्तिले छात्राहरूलाई सेनिटरी प्याड उपलब्ध गराउनु अघि प्रयोग गर्ने तरिका सम्बन्धमा आधारभूत जानकारी गराउनु पर्नेछ ।
(७) यस दफा बमोजिम छात्राहरूलाई वितरण गरिने सेनिटरी प्याडको दुरूपयोग हुन नदिने दायित्व विद्यालयका प्रधानाध्यापकको हुनेछ ।
(८) यस दफा बमोजिम वितरण गरेको सेनिटरी प्याडको विवरण प्रत्येक महिनाको पहिलो हप्ता विद्यालयको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ ।

### परिच्छेद-४

**सेनिटरी प्याडको प्रयोग तथा विसर्जनको व्यवस्था**

७. **सचेतना सामग्रीको उत्पादन तथा प्रसारण** : (१) छात्राहरूलाई वितरण हुने सेनिटरी प्याडको गुणस्तर, प्रयोग गर्ने तरिका, प्रयोग पश्चात् त्यसको दिगो विसर्जन लगायतका विषयमा श्रव्य दृश्य सामग्री तथा हाते पुस्तिका तयार गरी स्थानीय तहहरूलाई उपलब्ध गराउने दायित्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हुनेछ ।
(२) उपदफा (१) बमोजिमको जानकारीमूलक सामग्री नेपाल सरकार, प्रदेश सरकारलगायत सबै स्थानीय तहको वेभसाइट मार्फत सरोकारवाला सबैलाई जानकारी हुने व्यवस्था मिलाउनुपर्नेछ ।

८. **स्थानीय तहमा सचेतना कार्यक्रम** : (१) स्थानीय तहले महिनावारी स्वास्थ्य, किशोरी स्वास्थ्य तथा सेनिटरी प्याडको प्रयोग र प्रयोग पश्चात् त्यसको दीगो विसर्जन सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम सञ्चालन हुने सचेतना कार्यक्रममा स्थानीय तहको शिक्षा शाखा, स्वास्थ्य शाखा एवम् महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारी तथा विद्यालयका सम्पर्क व्यक्ति, कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय आमा समूह लगायत गैर सरकारी संस्थाको परिचालन गर्न सकिनेछ ।

९. **सेनिटरी प्याडको विसर्जन** : (१) प्रयोग भएका महिनावारी व्यवस्थापन सामग्रीहरूलाई वातावरणमा प्रतिकूल असर नपर्ने गरी दीगो विसर्जन गर्न विद्यालयको हाताभित्र खाल्डो खनी पुर्नु पर्नेछ ।
(२) विद्यालयको हातामा पुर्ने ठाउँको अभाव भएमा अन्य फोहोरमैला सरह यस्ता वस्तुहरूको विसर्जन गर्नु पर्नेछ
(३) उपदफा (१) बमोजिम बिसर्जन व्यवस्थापनका लागि आवश्यक पर्ने प्राविधिक सहयोग स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

### परिच्छेद-५

**सेनिटरी प्याड व्यवस्थापन, समन्वय र अनुगमन सम्बन्धी व्यवस्था**

१०. **संघीय निर्देशक समिति** : (१) विद्यालयहरूमा सेनिटरी प्याड व्यवस्थापन सम्बन्धमा नीति, योजना, अनुगमन र मापदण्ड निर्माण गर्न संघमा देहाय बमोजिमको एक संघीय निर्देशक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव (शिक्षा हेर्ने), मन्त्रालय | - अध्यक्ष |
| (ख) | सह(सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | सह(सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सह-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| (ङ) | सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (च) | सह(सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| (छ) | सह(सचिव, खानेपानी मन्त्रालय | - सदस्य |
| (ज) | सह-सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (झ) | सह-सचिव (शिक्षा हेर्ने), मन्त्रालय | - सदस्य-सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।
(४) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **संघीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार ः सङ्घीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ** :-
(क) सेनिटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धी नीति, योजना र मापदण्ड तयार गर्ने,
(ख) सेनिटरी प्याडको उत्पादन र यसको गुणस्तर सम्बन्धी विषयमा आवश्यक नीति तथा मापदण्ड तयार गर्ने,
(ग) किशोरी स्वास्थ्य सम्बन्धी सचेतनाका कार्यक्रमहरूको नमूना ढाँचा तयार गर्ने,
(घ) सेनिटरी प्याड व्यवस्थापनसँग सम्बद्ध मन्त्रालयसँग समन्वय र सहकार्य गर्ने,
(ङ) सेनिटरी प्याड व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहहरूलाई सहजीकरण गर्ने,
(च) सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यक्रम प्रभावकारी रूपमा संचालन भए नभएको विषयमा अनुगमन गर्ने ।

( क्रमशः बाँकी आगामी अंकमा )